# प्रभावशाली व्यक्तिको परिचयात्मक सुरुआत

**प्रभावशाली व्यक्तिको परिचयात्मक सुरुआत**

एउटा जवान मानिसको रूपमा, तपाईंले सायद परिवार र स्कूल बाहेक पनि तपाईंको एउटा छुट्टै आफ्नो जीवन छ भनेर तपाईंले देख्न थाल्नुभएको होला । तपाईंले सायद जीवनमा मेरो आफ्नै गन्तव्य- एउटा विशेष उद्देश्य, र लिनुपर्ने एउटा व्यक्तिगत बाटो छ भनी सोचिराख्नुभएको हुनसक्छ ।

सायद एक बुबाकोरूपमा तपाईंले सास लिन समेत कमै मात्र फुर्सद भएको महसुस गर्नुभएको होला अथवा तपाईं कस्तो व्यक्ति हुँदै गइरहनुभएको छ र जीवनमा तपाईंले लिनुपर्ने बाटो र उद्देश्य के हो भनेर पनि सोच्नुहुन्छ होला । के त्यहाँ ईश्वर भक्त बुबा भइरहेर पनि तपाईं नै रहिरहने कुनै तरिका छ ? के तपाईंको मिसन तपाईंका छोराछोरीहरू हुन् ? के तपाईंको कार्यस्थल तपाईंको मिसन हो ?

तपाईंको काम पूर्णतः पीडादायी हुनसक्छ । तपाईंले गरिराख्नुभएको कुराले के वास्तवमै तपाईंको गौरवशाली हुने र सफल हुने इच्छालाई पूरा गरिराखेको छ ? के तपाईंको जीवन वास्तवमै अघि बढ़िरहेको छ ? के तपाईंको सफलतासँगै तपाईंको व्यक्तिगत अभिप्राय पूरा भएको छ ? के तपाईंले सकरात्मक प्रभाव पारिराख्नुभएको छ ?

तपाईंले धेरै लक्ष्यहरू हासिल गर्दै वर्षौंदेखि जिइराख्नुभएको छ, तर तपाईंले अझै पनि के ती पर्याप्त छन् त भनी सोचिराख्नुभएको छ होला । सायद तपाईंले सफलता चाख्नुभएको छ र त्यो तपाईंले अपेक्षा गरे जतिको प्राप्त भएन होला । यदि तपाईंको हुर्किएका छोराछोरीहरू छन् भने, सायद तपाईं, “अब मैले गर्नुपर्ने केही बाँकी छ र ?” भनेर सोचिराख्नुभएको होला । यदि परिवर्तन हुँदै गरेको शरीरका चुनौतीहरूले उर्जा, अर्थ र समय लिइरहेका छन् भने, के यी सबैको कुनै मूल्य छ कि छैन भनेर तपाईं सोचिराख्नुभएको होला ?

तपाईंको जीवन-प्रशिक्षण अनुभवले तपाईंलाई यी प्रश्नहरूलाई व्यवहारिक र सकरात्मक तरिकाले सम्बोधन गर्न सहायता गर्नेछ ।

तपाईंले जीवनमा तपाईंको उद्देश्यलाई थाहा पाउनुहुनेछ, र कसरी तपाईंले एउटा गौरवान्वित जीवन जिउन सक्नुहुन्छ भन्ने देख्नुहुनेछ (अर्थपूर्ण रूपमा बिताएको जीवन) र अरूहरूलाई कसरी प्रोत्साहित र परिवर्तन गर्दै तिनीहरूमा प्रभाव पार्ने भन्नेमा क्रियाशील हुन सक्नुहुन्छ ।

**प्रभावशाली व्यक्तिको परिचयात्मक सुरुआत**

# १. पाठ्यक्रम

यस जीवन-प्रशिक्षण पाठ्यक्रमका ३ वटा मुख्य अवधारणाहरू छन्, जुनले एउटा प्रभावशाली व्यक्ति हुनु भनेको के हो भन्ने कुरालाई प्रतिबिम्बित गर्छ ।

उद्देश्यः

- परमेश्वरबाट दिइएको
- हामी जीवनका सबैकुराहरूलाई के माथि आधारित गर्दछौं

गौरवशालीः

- हाम्रो उद्देश्य अनुसार जिउनु + हाम्रो विशिष्टताद्वारा परमेश्वरको उद्देश्य = व्यक्तिगत मिसन
- परमेश्वरबाट सशक्त भएर हाम्रो व्यक्तिगत मिसन अनुसार जिउनु = एउटा गौरवान्वित जीवन

प्रभावः हामीले गौरवान्वित र उद्देश्यपूर्ण जीवन जिउँदा त्यसले अरूहरूमा र संसारमा पारेको नतिजा

यस पाठ्यक्रमका ७ वटा बाइबलमा आधारित सिद्धान्तहरूले यस पाठ्क्रमको अध्ययन दौरान र तपाईंको जीवनको बाँकी यात्राभरि तपाईंलाई ३ वटा अवधारणाहरूमा सहभागी हुन सहायता गर्नेछ ।

**प्रभावशाली मानिस** पाठ्यक्रमले खीष्टलाई चिन्नु र उहाँसँग हिँड्नुका सबै पक्षहरूमा बताउँदैन । यो पाठ्यक्रम परमेश्वरसित तपाईंको सम्बन्धको विषयमा, उहाँले तपाईंलाई जो हुन सृष्टि गर्नुभयो त्यही हुनमा र तपाईंको विशेष बोलावटको काममा बढ़ी केन्द्रित छ । जब तपाई पवित्र आत्माको शक्तिमा विश्वासद्वारा उहाँसँग हिँड्नु हुन्छ, तपाईंको जीवनले अरूहरूलाई सहायता गर्नमा अनन्तसम्म प्रभाव पार्नेछ ।

*"किनकि हामी असल कामहरूका निम्ति खीष्ट येशुमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी ती बमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।"*

एफिसी २ :१०

# २. सिद्धान्तहरू

तपाईले सिक्न लाग्नुभएका ७ वटा बाइबलमा आधारित जीवनका सिद्धान्तहरू ती मुख्य सिद्धान्तहरू हुन् जुन परमेश्वरको वचनसँग एकवद्ध छन् र तपाईंको गौरवशाली र उद्देश्यपूर्ण जीवन जिएर अनन्तसम्म प्रभाव पार्नमा तपाईंलाई सहायता गर्नेछ ।

"प्रभावशाली मानिसको सिद्धान्तहरूले मलाई मेरा व्यक्तिगत बहुमूल्यता र मिसनका बारे मा मेरो धारणामा स्पष्ट हुन सहायता गरेको छ । यसले मलाई मेरो मण्डली र रंगमञ्च दुवै सेवाकाइहरूमा अझ केन्द्रित र उद्देश्यपूर्ण हुन सहयोग गरेको छ ।"

**मथियस-** प्रभावशाली मानिसको एक सहभागी

**जो हुनुहुन्छ त्यही हुनुहोस्**

**केले तपाईंलाई बहुमूल्य बनाउँछ ?**

**परमेश्वरले तपाईंलाई बहुमूल्य बनाउनुहुन्छ**

**कसरी तपाईं विशिष्ट हुनुहुन्छ ?**

**परमेश्वरले तपाईंलाई विशिष्ट तवरले बनाउनुभयो**

**तपाईं कसरी जो हुनुहुन्छ त्यही बन्न सक्नुहुन्छ ?**

**तपाईंका विशिष्टताहरुलाई पत्ता लगाउनुहोस्**

**तपाईंले आफ्नो विशिष्टताको कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

**सिद्धताको होइन, क्रमिक प्रगतिको अभ्यास गर्नुहोस्**

**आधारभूत जग** सिद्धान्तले तपाईंलाई थामिराख्छ र बाइबलमा आधारित ७ वटा जीवनका सिद्धान्तहरूले तपाईंलाई उद्देश्यपूर्ण, गौरवशाली र प्रभावशाली जीवन जिउनमा सुसज्जित गर्छ ।

यो पहिलो आधारभूत सिद्धान्त तपाईं जो हुनुहुन्छ त्यही हुनुहोस् माथि तपाईंको उद्देश्य, गौरव र प्रभाव निमार्ण हुन्छ । तपाईं हाम्रा सारा मानवीय इतिहासमै सबैभन्दा विशिष्ट हुनुहुन्छ । परमेश्वरले कहिल्यै पनि ठ्याक्कै तपाईंजस्तै अर्को व्यक्तिलाई सृष्टि गर्नुभएको छैन । उहाँले तपाईंका प्रत्येक अङ्गहरूलाई र तपाईंलाई अद्वितीय रूपमा आकार दिनुभयो । तपाईं उहाँको लागि अति नै मूल्यवान हुनुहुन्छ । उहाँले तपाईंलाई निस्वार्थ प्रेम गर्नुहुन्छ ।

*"किनकि हामी परमेश्वरको उत्कृष्ट सृजना हौं । परमेश्वर आफैंले हामी जो हौं त्यही बनाउनुभयो र ख्रीष्ट येशुमा नयाँ जीवन दिनुभयो; र धेरै पहिल्यै नै उहाँले यस जीवनलाई अरूहरूका सहायतामा खर्च गर्नमा बिताऊन् भनी योजना बनाउनुभयो ।"*

एफिसी २:१०

**जो हुनुहुन्छ त्यही हुनुहोस्**

### १. केले तपाईंलाई बहुमूल्य बनाउँछ ?
### परमेश्वरले तपाईंलाई बहुमूल्य बनाउनुहुन्छ

प्रत्येक मानिस बहुमूल्य छ किनभने परमेश्वरले प्रेमपूर्वक उसलाई बनाउनुभयो । जब तपाईं ख्रीष्टद्वारा परमेश्वरसँगको सम्बन्धमा प्रवेश गर्नुहुन्छ, तपाईंले आफ्नो महत्व र विशिष्टताको परिपूर्णतालाई महसुस गर्न सुरु गर्नुहुनेछ ।

## तपाईं बहुमूल्य हुनुहुन्छ




**परमेश्वरको आँखाबाट म को हुँ भन्ने उत्कृष्ट झलक**

*"अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं । अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु ।"*

१ कोरिन्थी १३:१२

तपाईंको महत्वको सटिक झलकको लागि तपाईं आफ्नै वा अरूहरूको दृष्टिकोणमाथि पूर्णरूपमा भर पर्न सक्नुहुन्न । तिनीहरूका ऐनाहरू टुटेका छन् । तिनीहरूले तपाईं वास्तवमा को हुनुहुन्छ र तपाईंको वास्तविक महत्वको टुक्रिएको दृष्टिकोणलाई प्रतिबिम्बित गर्छन् । अरूहरूले तिनीहरूका आफ्नै स्वर्थपूर्ण प्रेम, व्यक्तिगत रूचीहरू, मान्यताहरू र शक्ति र आफ्नै बारेका तिनीहरूको दृष्टिकोणबाट तपाईंलाई हेर्नेछन् । यदि तपाईं तपाईंको बहुमूल्यतालाई मूल्याङ्कन गर्न अरूहरू माथि निर्भर हुनुभयो भने, तपाईंले आफूलाई निस्वार्थ रूपमा प्रेम गरिएको महसुस गर्नुहुने छैन । त्यसको साटो, तपाईंको विशिष्टता अनुसार जिउन छोड़ेर तपाईंले तिनीहरूबाट आफूलाई स्वीकार गराउने प्रयास गर्नुहुनेछ ।